# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: १९-२०८१/०८२

मिति २०८२/०३/२० गते शुक्रबार — समय: विहान १०:३० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री जगत बहादुर बस्नेत | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (प्रशासन शाखा प्रमुख)

श्री जीवन गुरुङ, (जिन्सी तथा सामान शाखा प्रमुख)

श्री शरद थापा (लेखा अधिकृत)

श्री प्रेम ब गुरुङ (कार्यालय सहयोगी)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

मिति: २०८२/०३/२० बैठक संख्या: १९-२०८१/०८२

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा ।

२. छानविन समितिको प्रतिवेदन सम्बन्धमा ।

३. अ.दु.अ.आ., पोखराको पत्र सम्बन्धमा ।

४. सडक बालबालिका मुक्त पालिका घोषणा सम्बन्धमा ।

५. प्रविवेदनहरु स्वीकृत गर्ने सम्बन्धमा ।

क) बज्रयोगीनि मा.वि., देवघाट-५ तनहुँको माटो परीक्षण

ख) देवघाट-४ मान्द्रेढुङ्गा क्षेत्र पहिरो जोखिम विश्लेशण (Land slide hazard Assessment)

६. अन्य विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयन प्रकृयामा गएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई नियमानुसार कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा देवपुर देखि सापकोटा आश्रम हुँदै कालीभतेरी जाने बाटोको स्तरोन्नती ग्याविन जालीको कामका सम्बन्धमा वडा नं. ३ को वडा अध्यक्ष श्री टेक बहादुर आलेको संयोजकत्वमा गठित छानविन समितिले गाउँपालिका अध्यक्ष ज्यू समक्ष पेश गरेको प्रतिवेदन अध्यक्ष ज्यू मार्फत गाउँ कार्यपालिकामा पेश भएकोमा उक्त प्रतिवेदन माथि छलफल गरियो । सो सम्बन्धमा प्रतिवेदनको निष्कर्ष हेर्दा उक्त सम्पन्न आयोजनाको भुक्तानि रोकिरहनु पर्ने आवश्यकता नदेखिएको हुँदा सम्बन्धित पक्षलाई भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिन सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:** अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको मिति २०८१/०३/१८ पत्र संख्या ८१८२C-०३५४८६-२क, चलानी नं. PKR-8182-६४२२८ को पत्रको व्यहोरा कार्यपालिकामा अवगत भयो । सो सम्बन्धमा आयोगको सुझाव अनुसार उक्त मौलाकालिका हाड्रोपावर कम्पनी प्रा.लि.ले कालिगण्डकी हाइड्रोपावर योजनाको लागि देवघाट-५ स्थित साँढेबगरमा संचालन गरेको क्रसर परिसरमा पालिकाबाट प्राविधिक र जनप्रतिनिधि सहितको संयुक्त अनुगमन गरी नापजाँचबाट प्राप्त परिमाणको आधारमा राजस्व दाखिलाको लागि उक्त कम्पनीलाई पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** देवघाट गाउँपालिकाका सबै वडाहरुबाट वडा भित्रका टोल, समुदाय, गाउँ, गल्ली तथा सडकमा कही कतै सडक बालबालिका भएको नपाइएको र सडक बालबालिका मुक्त वडा घोषण गरिएको भनि पत्र प्राप्त भएकोले

तिल बहादुर थापा
अध्यक्ष

CamScanner

यस देवघाट गाउँपालिका भित्रका कुनै पनि वडाहरुमा सडक बालबालिका भएको नपाइएकोले यस पालिकालाई सडक बालबालिका मुक्त गाउँपालिका घोषण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा तपसिल बमोजिमको प्रतिवेदनहरु स्वीकृत गरी भुक्तानीको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

क) देवघाट गाउँपालिका वडा नं. ४ स्थित मान्द्रेपाखा पहिरो जोखिम सर्वेक्षण (Engineering Geological Study and landslide Hazard Assessment of Mande Bhir Landslide)

ख) देवघाट गाउँपालिका वडा नं. ५ स्थित बज्रयोगिनी मा.वि.को परिसरमा माटो परीक्षण कार्य (Geotechnical soil investigation report)

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथी छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो।

क) शैक्षिक सत्र-२०८१ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा सामुदायिक र गुरुकुल विद्यालयका उत्कृष्ट जि.पि.ए. ल्याउने छात्र र छात्रा क्रमश ३ जना र ६ जना गरि जम्मा ९ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी नगद रु. १०,०००/- (कर सहित) र प्रमाणपत्र सहित सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) देवघाट गाउँपालिका वडा नं. ५ स्थित श्री महादेव आधारभूत विद्यालयमा मिति २०८२/०३/१२ गते शिक्षा शाखाको तर्फबाट गरिएको स्थलगत अनुगमनको क्रममा शिक्षक तथा कर्मचारीको अनुपातमा विद्यार्थी संख्या (४ जना ) अत्यन्तै न्यून देखिएकोले त्यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणीको शिक्षक पद (विज्ञापन भइसकेको) श्री कालिका माध्यमिक विद्यालय देवघाट-५ लाई प्रदान गर्ने साथै शिक्षक नियुक्तिको सम्पूर्ण प्रक्रिया श्री कालिका माध्यमिक विद्यालयले गर्ने निर्णय गरियो साथै श्री महादेव आधारभूत विद्यालय देवघाट-५ मा कार्यरत बालविकास सहजकर्ता शिक्षकलाई श्री बज्रयोगिनी माध्यमिक विद्यालय, देवघाट-५ मा स्थानान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो।

ग) देवघाट गाउँपालिका वडा नं. १ हुँदै २ नं. जाने बाटोको पहिरोको कारण बन्द भएकोमा बाटो खुलाउनको लागि सोही स्थानमा उपलब्ध रहेको एक्साभेटर प्रयोग गरी ८.४० घण्टा कार्य गरेकोले प्राविधिक स्टिमेटको आधारमा सो कार्य गर्नको लागि १५० लि. डिजेल खर्च भएको देखिएकोले एक्साभेटर धनीलाई १५० लि. इन्धन बराबरको रकम रु. २२,१७०/- (अक्षरुपी बाईस हजार एक सय सत्तरी मात्र) नगदै भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

घ) देवघाट गाउँपालिका वडा नं. ३ निवासी गंगा गुरुङको छोरी समिक्षा गुरुङलाई गोमन सर्पले टोकि भरतपुर अस्पतालमा उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले उपचार खर्च रु. १०,०००/- (अक्षरुपी दश हजार मात्र) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष